प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
वागमती प्रदेश कार्यालय
हेटौडा, मकवानपुर

**डिप्लोमा तहको वर्गिकृत (निःशुल्क) छात्रवृत्ती तर्फका कार्यक्रमहरुको प्रवेश परीक्षाको रिक्त कोटाको लागि पुनःवैकल्पिक नतिजा प्रकाशन गरिएको सम्वन्धी अत्यन्त जरुरी सूचना ।**

**(सूचना प्रकाश मिति २०८०।०७।१५)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको पूर्व प्रकाशित सूचना अनुसार डिप्लोमा/प्रमाणपत्र तहका वर्गीकृत (निःशुल्क) छात्रवृत्ती तर्फ सम्पूर्ण कार्यक्रमहरुको मिति २०८०।०५।०२ गते संचालन सम्पन्न भएको प्रवेश परीक्षाको रिक्त सिटको लागि मिति २०८०।०६।०४ गते पहिलो पटक र मिति २०८०।०६।१८ गते दोस्रो पटक वैकल्पिक नतिजा प्रकाशित गरी भर्नाका लागि सिफारिस भएका उम्मेदवारहरुलाई तोकिएको समय भित्र तोकिएको शिक्षालयमा भर्ना हुन जानु हुन सूचित गरिएकोमा तोकिएको मिति र समयमा भर्ना हुन नगएको कारणले पुनः **रिक्त रहन आएको सिटमा सम्वन्धित शिक्षालयहरुले पठाएको पत्रलाई आधार मानी साथै मिति २०८०।०६।१८ गते सूचना प्रकाशन गरी वैकल्पिक सूचिमा विधार्थीहरु नभएको कार्यक्रमको लागि डिप्लोमा तह कै अन्य कार्यक्रममा पढ्न इच्छुक विधार्थीहरुवाट निवेदन माग गरिए अनुसार प्राप्त निवेदन र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी भक्तपुरको मिति २०८०।०६।२२ र २३ गते प्रकाशित सूचना अनुसार सम्वन्धन स्वीकृत पाएका थप शिक्षण संस्था र कार्यक्रमको रिक्त कोटाकव लागि यस कार्यालयवाट मिति २०८०।०६।२५ गते प्रकाशित सूचना अनुसार प्राप्त निवेदनवाट योग्यताक्रम र कोटाका आधारमा भर्ना सम्वन्धी निर्देशिका अनुसार तेस्रो पटक पुनः वैकल्पिक नतिजा प्रकाशित गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । भर्नाको लागि सिफारिस भएका उम्मेदवारहरुले मिति २०८०।०७।२१ गते कार्यालय समय भित्र तोकिएको शिक्षालयमा आवश्यक सक्कल कागजात सहित भर्ना हुन जानु हुन जानकारी गराइन्छ ।** सम्वन्धित शिक्षालयले यसै सूचनालाई आधार मानी भर्ना सम्वन्धी निर्देशिका र सुचनामा उल्लेख भए वमोजिम परीक्षार्थीहरुले पेश गरेको सक्कल प्रमाणपत्र र कागजातहरु शिक्षालयका प्राचार्यले रुजु गरेर मात्र भर्ना गराउनु हुन अनुरोध छ । साथै भर्नाका लागि तोकिएका शिक्षालयका कार्यक्रमहरुमा भर्ना हुन तोकिएको अन्तिम मिति सम्ममा भर्ना हुन नआएका परीक्षार्थीहरुको जानकारी परिषद् वागमती प्रदेश कार्यालयको इमेल ठेगना exam@ctevtbagmati.org.np मा अनिवार्य रुपमा भर्ना निर्देशिकाको दफा २६ (छ) वमोजिम ३ दिन भित्रमा लिखित जानकारी गराउनु पर्नेछ ।

नोटः सामान्य चिकित्सा र रेडियोग्राफि कार्यक्रमको वैकल्पिक नतिजा थप भएका शिक्षण संस्थाहरुको प्रवेश परीक्षा भएपछि प्रकाशन गरिनेछ ।

निर्देशक